कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल


प.सं.: २०८०/०८१ (कर्मचारी प्रशासन उपशाखा)

च.नं.:

## करारमा सेवा लिने सम्बन्धी सूचना !

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०३/१३)**

कोहलपुर नगर कार्यपालिकाको कार्यालयबाट मेडिकल अधिकृत पदमा करारमा कर्मचारी पदपूर्तीका लागि मिति २०८१/०२/२९ गते प्रथम पटक सूचना प्रकाशन गरिएकोमा कुनै पनि दरखास्त पेश हुन नआएकाले पुनः दोस्रो पटकका लागि यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र दिनको ३:०० बजेसम्म राजस्व तिरेको रसिद सहित नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी प्रशासन उपशाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सि.नं. | बिज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८-०८०/०८१ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १(एक) | १२०० | |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**

क. **मेडिकल अधिकृतः** सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिम मेडिकल अधिकृतका लागी MBBS उत्तीर्ण (MD/MS गरेकोलाई अनुभव वापत पूर्ण अंक दिइने)

ख. उमेरः दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **छनौटको किसिमः**

प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता (कोहलपुर नगरपालिकामा प्राबिधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम)।

३. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः**

नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आवश्यक शैक्षिक योग्यताको प्रतिलिपी, प्रचलित कानून बमोजिम काउन्सिल वा परिषद दर्ता भएको प्रतिलिपी, स्थानीय खुल्ने कागजात, तालिम र अनुभव प्रमाणपत्रको प्रतिलिपी सहित पूर्णरुपमा भरिएको दरखास्त फाराम सहितको फाइल । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. **सेवा शर्त र सुविधाः** प्रचलित कानून बमोजिम ।

(धोलकराज ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

धोलकराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत